मध्यविन्दु नगरपालिका

# स्थानिय राजपत्र

खण्ड:०२ संख्या:१६ मिति: २०७५/०३/१०

## भाग २

## मध्यविन्दु नगरपालिका

# बालमैत्री आचारसंहिता, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०३/१०**
**नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७५/०३/११**
**राजपत्रमा प्रकाशित मितिः २०७७/०९/१४**

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धि समग्र पक्ष(बाल बचाउ,बाल संरक्षण,बाल विकास,र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय महासन्ध (CRC), १९८९ को अवधारणा, नेपालको संविधानले गरेको व्यवस्था,बालबालिबा सम्बन्धि ऐन, २०४८ ले बालबालिकाको पक्षमा वकालत गरेका छन् ।स्थानीय सरकारको रुपमा रहेका गाँउपालिका,नगरपालिका,जिल्ला सम्न्वय समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्।यस सन्दर्भमा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । स्थानीय सरकारको नेतृत्वमा नेपाल सरकारद्वारा निद्दिष्ट गरेका सेवा सूचक र संस्थागत सूचक प्राप्तिका लागि गाउँघर,टोल समुदाय,सँघ संस्था तथा सरोकार वालाहरुका लागि आवश्यक आचार संहिता तयार पारी कार्यान्वयन गरी नगरलाई बालमैत्री नगर निर्माण गर्न यो आचांरसहिता तयार पारिएको छ ।

## १. बालबालिकाको लागि आचार संहिता

१.१ विद्यालय नियमित र तोकिएको पोशाकमा विदालय जानेछौं ।

१.२ विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित बन्ने छौं ।

१.३ स्थानिय स्तरमा रहेको बाल क्लबहरुमा सक्रिय सहभागिता जनाउदैं कसैलाई पनि भेदभाव गर्ने छैनौं ।

१.४ विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने छौं ।

१.५ बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौं ।

१.६ हाम्रो आधारभुत आवश्यकताहरु खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बालअधिकारका बारेमा जानाकारी राख्दै अरुलाई पनि सिकाउनेछौं ।

१.७ विपन्न र अपाङ्गता भएका साथिहरुलाई सहयोग गर्नेछौं ।

१.८ आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्नेछौं र आफ सँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागि हुनेछौं ।

१.९ टोल बस्तिमा हुन लागेका तथा भईरहेका बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरुको जानकारी सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिनेछौं ।

१.११ समय तालिका अनुसार पढ्ने, लेख्ने,खेल्ने, सुत्ने र सञ्चार माध्यमको प्रयोग गर्नेछौं ।

१.१२ सुर्तिजन्य एवं मादक पूदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न हुने छैनौं ।

१.१३ बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुऱ्याउनेछौं ।

१.१४ अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौं । र यस्तो भएमा अभिभावकलाई खबर गर्ने छौं ।

१.१५ आफु आवद्ध रहेको वा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौं र बालक्लब मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्नेछौं ।

१.१६ हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्नेछौं ।

१.१७ शौचालयको नियमित प्रयोग गर्नेछौं ।

१.१८ प्रोषिलो खानेकुरा खानेछौ, भाइबहिनी र साथिहरुलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउनेछौं ।

१.१९ आवश्यक परेको खण्डमा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कने छौं ।

१.२० विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगाएतका राष्ट्रिय तथा स्थानिय अभियानहरुमा बाल क्लब मार्फत सक्दो जनचेतना र सहयोग गर्नेछौं ।

१.२२ साना भाइबहिनिहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकहरु लाई प्ररित गर्नेछौं ।

१.२२ बालमैत्री स्थानिय शासनको दिगोपनका लागि बाल क्लबका सदस्यहरु परिचालन हुनेछौं ।

## २. अभिभावकका लागि आचार संहिता

२.१ विघालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रुपमा विधालय पठाउने छौ ।

२.२ विधालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौं।

२.३ बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लब तथा बालबालिकालाई प्रेरित गर्नेछौं ।

२.४ समुदाय र बिधालयमा हुने अतिरिक्त कृयाकलापमा सहभागि हुन बालबालिकालाई प्रेरित गर्नेछैं ।

२.५ बालविवाह , बाल यौन दुर्ब्यब्यवहार , बालश्रम जस्ता कुराहरु निरुत्साहित गर्दै बालबालिकालाई सचेत गर्नेछौं ।

२.६ विपन्न र अपाङ्गता भएका बालबालिकाको आवश्यकता अनुसारको वातावरण सिर्जना गर्नेछौं ।

२.७ आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने छैनौं ।

२.८ पढ्ने, लेख्न, खाने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको प्रयोग गर्न समय तालिका बनाइदिने छौं। र नियमित स्वास्थ परिक्षण गर्नुका साथै खोप लगाउने बयवस्था मिलाउनेछौं ।

२.९ मादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद बिक्री एंव प्रयोगमा बालबालिकालाई संलग्न गराउने छैनौं र बालबलिकाको अगाडि पनि प्रयोग गर्ने छैनौं ।

२.१० कुलत तथा दुर्ब्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौं ।

२.११ अपरिचित ब्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौं ।

२.१२ बाल क्लब तथा बालबालिकालाई आवद्द भएको सामाजिक संघसस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्नेछौं ।

२.१३ सहज तथा बालमैत्री धारा, शौचालय तथा आवासको ब्यवस्था गरिदिने छौं ।

२.१४ नियमित सरसफाई जस्तै नङ् काट्ने कपाल कोर्ने ब्रस गर्ने साबुन पानीले हात धुने नुहाउने आदि कुराको ख्याल गर्नेछौं ।

२.१५ समयमा खाजा र सन्तुलित भोजनको ब्यवस्था मिलाउने तथा पोषणयुक्त खानेकुरा खाने ब्यवस्था गर्नेछौं ।

२.१६ आवश्यक परेको बेला बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गर्दै सम्बन्धित क्षेत्रमा सहभागि गराउने छौं।

२.१७ बालबालिकालाई समयमा विधालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा विषेश ध्यान दिनेछौं ।

२.१८ बालबालिकालाई समयमा विधालय भर्ना गर्ने ,खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा ध्यान दिनेछौं ।

२.१९ समयमा आफ्नो बालबालिकाको जन्मदर्ता गरिदिनेछौं ।

२.२० साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नेछौं

२.२१ बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा कार्यान्वयनमा पूर्ण प्रतिबद्धताका साथ लाग्नेछौं ।

## ३. नगरपालिका/विद्यालय/संघ संस्थाको लागि आचार संहिता

३.१ प्रत्य्रेक बिधालयका सेवा क्षेत्र भित्र रहेका विधालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा बिधालयको पहुँचमा ल्याउनेछौं ।

३.२ बिद्यालयमा बालबलिका अभिभावक र शिक्षकले पालना गर्नुपर्ने निती  नियमको निर्माण र कार्यान्वयनमा सचेत गराउनेछौं ।

३.३ बालबालिका तथा अभिभाबकलाई बाल क्लबको महत्व बारे सचेत गराउनेछौं ।

३.४ घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने  अभिप्रेरित गर्नेछौं

३.५ बालबालिकाहरु माथि गरिने हिंसा दुब्यवहार बालश्रम शोषण रोक्न सचेतना फैलाउने छौं ।

३.६ बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा  अभिभाबकहरुलाई बाल अधिकार सम्बन्धी सचेत गराउनेछौं ।

३.७ गरिब तथा जेहेन्दार  बिधार्थीहरुलाई छात्रवृतिको ब्यबस्था गर्नुका साथै प्रत्यक संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं।

३.८ नगरपालिका क्षेत्र भित्रका बालबलिकालाई वडा नागरिक मञ्च स्वास्थ्य संस्था एकिकृत योजना तर्जुमा समिति र सहभागितात्मक योजना तर्जुमा समिति र सहभागितात्मक योजना तर्जुमा पकृयाका चरणमा बालबालिकाको सकृय सहभागिताको सुनिश्चिततता गर्नेछौं ।

३.९ सार्वजनिक स्थानमा बालश्रमको अवस्था रहन नदिनका साथै वाल विवाह र बाल यौन दुब्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहनेछौं

३.१० धुम्रपान,मधपान सुर्तिजन्य सामाग्रीहरु खरिद तथा विकी गर्न बालबालिकालाई नलगाउनको लागि कानुन निर्माण र कार्यानबयन गर्नेछौं ।

३.११ बाल अधिकार हनन्का घटनाहरु अनुगमन गर्दै त्यसको समाधान गर्दै त्यसको समाधानको लागि आवश्यक  पहल गर्नेछौं

३.१२ बाल सुचना केन्द्रको स्थापना गर्नेछौं ।

३.१३ विधालय ब्यबस्थापन समिति विभिन्न सामाजिक संरचना,बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने संथामा वालवालिकालाई अर्थपुर्ण सहभागि गराउनेछौं ।

३.१५ सहज सरल तथा बालमैत्री  कक्ष निर्माण गर्नेछौं

३.१६ स्वच्छ पिउने पानीको ब्यबस्था गर्नुका साथै सरसफाइ सम्बन्धि सचेतना जगाउनेछौं ।

३.१७ पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबलिकालाई सचेत गराउने छौं ।

३.१८ घरबाट बाहिर निस्कदा बालबलिका माथि हुन सक्ने दुर्व्यबहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउनेछौं ।

३.१९ विधालय भर्ना अभियान ,खोप अभियान सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्नेछौं ।

३.२० बाल विकास केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछौं ।

३.२१ वडामा कम्तीमा एउटा बालमैत्री पार्क निर्माण गर्नेछौं

३.२२ बाल मैत्री स्थानिय शासन अभियानको सफलताका लागि पुर्ण रुपमा समर्पित हुनेछौं ।

३.२३ दण्डरहित शिक्षा प्रणली कार्यान्वयन गर्दै बालमैत्री विद्यालय निर्माण गर्नेछौं ।